**बैठक संख्या : ९७/२**

आज मिति २०८०।०२।०९ गते मंगलबारका दिन विहान ०९:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री दिल प्रसाद राईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरूको उपस्थितिमा बैठक बस्यो ।

तपशिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिल प्रसाद राई | प्रमुख | |
| २ | श्री नितु थापा | उपप्रमुख | |
| ३ | श्री मणी पुलामी थापा मगर | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर गुरुङ | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | |
| ६ | श्री चन्द्र बहादुर लिम्बु | सदस्य | |
| ७ | श्री डिल्ली बहादुर कटुवाल | सदस्य | |
| ८ | श्री टेक बहादुर राई | सदस्य | |
| ९ | श्री सुनिता चौधरी | सदस्य | |
| १० | श्री धनपती गौतम | सदस्य | |
| ११ | श्री सालिग्राम बस्नेत | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री बिक्रम राई | सदस्य | |
| १४ | श्री पार्वती बस्नेत गौतम | सदस्य | |
| १५ | श्री रिता राजवंशी | सदस्य | रिता |
| १६ | श्री भिम कुमारी गुरुङ | सदस्य | |
| १७ | श्री सन्च माया लिम्बु | सदस्य | |
| १८ | श्री निलम कुमारी राई | सदस्य | |
| १९ | श्री बद्री नारायण मण्डल | सदस्य | |
| २० | श्री जाँच मान याक्खा राई | सदस्य | |
| २१ | श्री विजय तोलाङ्गी | सदस्य | |
| २२ | श्री गणेशराज कार्की | सचिव | |

अन्य कर्मचारीहरू

| | | | |
|---|---|---|---|
| १ | श्री महेन्द्र खड्का | अधिकृतस्तर आठौं | |
| २ | श्री धनमाया राई | अधिकृतस्तर सातौं | |
| ३ | श्री झमक प्रसाद भट्टराई | अधिकृतस्तर छैठौं | |
| २ | श्री कृष्ण न्यौपाने | एम.आई.एस. अपरेटर | |
| ३ | श्री निर्मला कोईराला | सहायकस्तर पाँचौ | |
| ४ | श्री सरोज घिमिरे | सहायकस्तर चौथो | |

प्रस्तावहरू

१. अघिल्लो बैठकको समीक्षा र अनुमोदन सम्बन्धमा ।

२. मलको कोटा निर्धारण सम्बन्धमा ।

३. नीति तथा कार्यक्रम लेखन सम्बन्धमा ।

४. नीति तथा कार्यक्रमका लागि राय, सुझाब माग गर्ने सम्बन्धमा ।

५. भन्सारबाट प्राप्त सवारी साधन मर्मत सम्बन्धमा ।

६. वडा नं. ५ मुसहर वस्ती व्यवस्थापन सम्बन्धमा ।

७. नगर स्तरीय आयोजनाको भेरिएसन सम्बन्धमा ।

८. वडा नं. ५ भुक्तानी सम्बन्धमा ।

९. जिल्ला प्रसासन कार्यालय र मालपोत कार्यालय बेलबारीलाई मूल्याङ्कन सिफारिस गर्ने सम्बन्धमा ।

१०. आन्तरिक आय सम्बन्धमा ।

११. विविध ।

क. पालिकाद्वारा गठित संस्थाहरूको लेखा परीक्षण र कर भुक्तानी सम्बन्धमा ।

निर्णय नं. १. मिति २०८०।०१।२० गते सम्पन्न कार्यपालिका बैठकले गरेका निर्णयहरूको समिक्षा गर्दा कार्यान्वियनको अवस्था देहाय बमोजिमको चरणमा रहेको पाईयो ।

देहाय

| क्र.स. | निर्णय नं. | मुल विषय | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| क. | २ | आर्थिक अवस्थाको चित्रण सम्बन्धमा । | जानकारी भएको । | |
| ख. | ३ | आयोजनाहरूको म्याद थप सम्बन्धमा । | भएको । | |
| ग. | ४ | खर्च अनुमोदन / स्वीकृत सम्बन्धमा । | भएको । | |
| घ. | ५ | संस्था दर्ता सम्बन्धमा । | भएको । | |
| ङ. | ६ | ठेक्का रकम भुक्तानी सम्बन्धमा । | भएको । | |
| च. | ७ | सामुदायिक वन सम्बन्धमा । | भएको । | |
| छ. | ८ | फोहोरमैला व्यवस्थापन सम्बन्धमा । | कार्य प्रकृयामा रहेको । | |
| ज. | ९ | सवारी साधन सम्बन्धमा । | भएको । | |
| झ. | १० | तराई मधेश समृद्धि कार्यक्रम सम्बन्धमा । | भएको । | |
| ञ. | ११ | सार्वजनिक सुनुवाई सम्बन्धमा । | भएको । | |
| ट. | १२ | सेनिटरी प्याड खरिद सम्बन्धमा । | भएको । | |
| ठ. | १३ | रसायनिक मलको गुनासो सम्बन्धमा । | भएको । | |
| ड. | १४ | वडा नं. ७ एक गाउँ एक उत्पादन सम्बन्धमा । | भएको । | |
| ढ. | १५ | प्रशान्त मार्ग ड्रेन निर्माण सम्बन्धमा । | भएको । | |
| ण. | १६ | भू-उपयोग वर्गीकरणको रकम भुक्तानी सम्बन्धमा । | भएको । | |
| त. | १७ | वडा नं. ९ को सडक ग्राभेल सम्बन्धमा । | भएको । | |
| थ. | १८ | सहजीकरण समिति सम्बन्धमा । | भएको । | |
| द. | १९ | विपद व्यवस्थापनका लागि प्रारम्भिक वातावरणीय अध्ययन सम्बन्धमा । | भएको । | |
| ध. | २० | समूहहरूको लेखा परीक्षण सम्बन्धमा । | भएको । | |
| न. | २१ | विपद पूर्व तयारी सम्बन्धमा । | भएको । | |
| ऩ. | २२ | विविध । | भएको । | |

<table>
<tr><th>प्रस्ताव नं.</th><th>प्रस्ताब</th><th>निर्णय</th></tr>
<tr><td>२.</td><td>मलको कोटा निर्धारण सम्बन्धमा ।</td><td>स्थानीय तह मल व्यवस्थापन समितिको प्रस्ताव बमोजिमको अनुदानमा प्रदान गरिने मल देहाय बमोजिम वडामा देहायको दररेटमा देहाय बमोजिमको परिमाण उपलब्ध गराउने निर्णय गरियो ।
<table>
<tr><th>सि.नं.</th><th>वडा नं.</th><th>कुल वडाको क्षेत्रफल (हे.)</th><th>वडाको क्षेत्रफल %</th><th>कुल खेतीयोग्य जमिन (हे.)</th><th>वितरण गरिने मलको प्रतिशत</th></tr>
<tr><td>१)</td><td>१</td><td>१५५४.२</td><td>११.७१</td><td>११५.४</td><td>५</td></tr>
<tr><td>२)</td><td>२</td><td>४५०</td><td>३.३९</td><td>११२.७</td><td>५</td></tr>
<tr><td>३)</td><td>३</td><td>४४९.४</td><td>३.३८</td><td>१४३.७</td><td>५</td></tr>
</table>
</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ४) | ४ | २५९९.५ | १९.५८ | ४५९.५ | ९.६१ |
| ५) | ५ | १५१५.९ | ११.४२ | ९८३.२ | १७.८५ |
| ६) | ६ | ७८८.५ | ५.९४ | ४४४.४ | ९.२९ |
| ७) | ७ | १२७८.५ | ९.६३ | ८०६.७ | १४.१६ |
| ८) | ८ | २०८०.२ | १५.६७ | ७१२.१ | १२.१८ |
| ९) | ९ | १५५६.१ | ११.७१ | ७५२.२ | १३.०२ |
| १०) | १० | ५००.५ | ३.७६ | १८६.२ | ५ |
| ११) | ११ | ५०६.८ | ३.८१ | ६७.७ | ३.८९ |
| | जम्मा | १३२७९.५ | १०० | ४७८३.९ | १०० |

<u>सहकारीले स्थानीय किसानलाई विक्री मूल्य</u>

| सि.नं. | मलको नाम | प्रति केजी (खुद्रा विक्री ) मूल्य रु | प्रति बोरा (५० केजी) मूल्य रु | कैफियत |
|---|---|---|---|---|
| १ | युरिया | २० | ८९८ | |
| २ | डिएपी | ४९ | २३४८ | |
| ३ | पोटास | ३७ | १७४८ | |

| | | |
|---|---|---|
| ३. | नीति तथा कार्यक्रम लेखन सम्बन्धमा । | आगामी आर्थिक वर्ष २०८०/८१ का लागि नीति तथा कार्यक्रम तर्जुमा गर्न सम्बन्धित विषयगत समितिले सात (७) दिन भित्र मस्यौदा तयार गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिले एकीकृत गरी अन्तिम रूप दिई कार्यपालिकामा पेस गर्ने निर्णय गरियो । |
| ४. | नीति तथा कार्यक्रमका लागि राय, सुझाब माग गर्ने सम्बन्धमा । | आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि सार्वजनिक सूचना प्रकासन गरी स्थानीय जनता, सरोकारवाला र राजनीतिक समक्ष राय, सुझाब माग गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो । |
| ५. | भन्सारबाट प्राप्त सवारी साधन मर्मत सम्बन्धमा । | क. अर्थ मन्त्रायको २०८०/०१/०८ को सचिव स्तरीय निर्णयानुसार हलुका सवारी साधन स्कारपियो S4 ईन्जिन नं. SJE4L10761 चेसिस नं. MAITA2SJXE2L29022 उत्पादन वर्ष २०१४ को सवारी साधन बेलबारी नगरपालिकालाई हस्तान्तरण गर्ने निर्णयानुसार यस पालिकाले बुझी ल्याउने क्रममा देखिए अनुसार सवारी साधनको वाह्य अवस्था र ईन्जिन बाहेकको अन्य अवस्था काम नलाग्ने प्रकृतिका भएको र कतिपय सामाग्रीहरू हुँदै नभएको पाईएको भनी सिराह भन्सार कार्यालय, माडहरमा सवारी साधन बुझ्न गएका प्राविधिक टोलीले प्रतिवेदन दिएको । सवारी साधन स्टार्ट हुन नसकी अर्को गाडिले तानी ल्याई नियमानुसार मर्मतका लागि लागत अनुमान समेत तयार गरी प्राविधिकको रेखदेखमा मर्मत कार्य भईरहेको हुँदा उक्त गाडी मर्मत गरी यथासक्य चाडो रितपूर्वक नगरपालिकाको नाममा दर्ता गर्ने प्रकृया अघी बढाउने निर्णय गरियो ।<br>ख. बुँदा नं. क मा उल्लेखित सवारी साधन दर्ताका लागि यस कार्यालयको तर्फबाट सहायकस्तर पाचौं चतुर्भुज माझीलाई अख्तियारी दिने साथै उल्लेखित सवारी साधन दर्ता / नामसारीका लागि यातायात व्यवस्था कार्यालय, ईटहरीलाई अनुरोध गर्ने निर्णय गरियो । |
| ६. | वडा नं. ५ मुसहर वस्ती व्यवस्थापन सम्बन्धमा । | बेलबारी नगरपालिका वडा नं. ५ मा देहाय बमोजिमको मूसहर बस्तीको ११ वटा घर छाउनका लागि सूरक्षित नागरिक आवास अन्तर्गत प्राविधिक लागत अनुमान / मूल्याङ्कनका आधारमा कर्कट पाता वापतको रकम सम्बन्धित व्यक्तिको नाममा एकमुष्ट उपलब्ध गराउने निर्णय गरियो । |

| | | |
|---|---|---|
| | | क. बेलबारी नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को ठेक्का बन्दोबस्त गर्न क्रममा पचास लाख भन्दा बढीमा ठेक्का सम्झौता भएको हकमा दामासाहीले नगर र वडाले आगामी आर्थिक वर्षको बजेटबाट व्यहोर्ने र पचास लाख भन्दा कम कबोल भई ठेक्का सम्झौता भएको हकमा सोही आयोजनामा भेरिएसन गरी कार्य अघी वा सोही वडामा वडा समितिको निर्णय बमोजिम समान प्रकृतिको काममा लगाउने निर्णय गरियो । |
| ७. | नगर स्तरीय आयोजनाको भेरिएसन सम्बन्धमा | ख. चालु आर्थिक वर्षका लागि मिति २०७९/०६/०५ गते औषधि तथा औषधिजन्य सामाग्रीका लागि रू ४०,५८,८८१।८२ (मू.अ.कर सहितको) लागत अनुमान स्वीकृत गरी विद्युतिय माध्यमबाट ठेक्का बन्दोबस्त गरी रकम रू १५,२८,०६९।८७ मा मिति २०७९/०८/१९ गते सम्झौता भई औषधि तथा औषधिजन्य सामाग्री रीतपूर्वक प्राप्त भएको । उल्लेखित औषधि तथा औषधिजन्य सामाग्रीहरूको मौज्दात क्रमस न्यून हुँदै गएको साथै आउदै गरेको वर्षायममा हुन सक्ने विपद पूर्वतयारीका लागि समेत औषधि तथा औषधिजन्य सामाग्री खरिद गर्नका लागि बेलबारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७८ को नियम १२७ को उपनियम ५ बमोजिम सम्बन्धित शाखाबाट भेरिएसनद्वारा खरिद गर्नका लागि पेस भएको । सो सम्बन्धमा छलफल गर्दा विपद पूर्वतयारी र आगामी आर्थिक वर्षको चाडपर्व समेतलाई मध्यनजर गर्दा शाखाबाट पेस भए बमोजिमको औषधि तथा औषधिजन्य सामाग्रीहरू खरिद गर्नुपर्ने देखिन्छ । मिति २०७९/०६/०५ गतेको सूचना बमोजिम खरिद गर्दा करीव ३७ प्रतिशत भन्दा बढी न्यून दररेटमा खरिद भएको देखिन्छ । माथि उल्लेख भए बमोजिम भेरिएसन गर्दा स्वीकृत बजेट भन्दा बढी खर्च नहुने, लागत अनुमानमा नकारात्मक असर नपर्ने र समय र स्रोतको हिसाबले पूनः प्रतिस्पर्धाद्वारा खरिद गर्दा छिटो र मितव्यायी रूपमा औषधि तथा औषधिजन्य सामाग्री प्राप्तहुने सुनिश्चितता नदेखिएको हुँदा बेलबारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७८ को नियम १२७ को उपनियम १ को ग बमोजिम नगर कार्यपालिकाबाट निर्णय गराई भेरिएसन गर्न पाउने कानुनी प्रावधान मुताविक सार्वजनिक हितको सिद्धान्तलाई आधारमानी सुरूमा स्वीकृत भएको लागत अनुमानमा नबढ्ने गरी भेरिएसन गरी औषधि तथा औषधिजन्य सामाग्री खरिद गर्नका लागि कार्यलयलाई निर्देशन दिने निर्णय गरियो । |
| ८. | वडा नं. ५ भुक्तानी सम्बन्धमा । | बेलबारी नगरपालिका वडा नं. ५ स्थित सिद्धि विनायक भजन कृतन मण्डली को माग अनुसार बाजा सामग्री खरिद गर्नको लागि मिति २०७९।११।११ को बेलबारी नगरकार्यपालिका बैठक बाट रु एक लाख दिने निर्णय भएकोमा समुहले सामग्रीहरु खरिद गरी भ्याट विल समेत काटि भुक्तानीका लागि माग गरेको सम्बन्धमा छलफल गर्दा सामाग्रीहरूको संस्थामा अभिलेख राख्न लगाई वडाको सिफारिसमा भुक्तानी दिने निर्णय गरियो । |
| ९. | जिल्ला प्रसासन कार्यालय र मालपोत कार्यालय बेलबारीलाई मूल्याङ्कन सिफारिस गर्ने सम्बन्धमा । | आगामी आर्थिक वर्ष २०८०/८१ को बेलबारी नगर क्षेत्र भित्रका जग्गा लिखत पारित गर्नका लागि न्यूनतम मूल्याङ्कन बेलबारी नगरपालिका राजस्व परामर्श समितिले स्वीकृत गरेको दररेट भन्दा न्यून नहुने गरी कायम गर्नका लागि श्री जिल्ला प्रशासन कार्यालय, मोरङ र मालपोत कार्यालय, बेलबारीमा लेखी पठाउने निर्णय गरियो । |

<table>
<tr><td>१०.</td><td>आन्तरीक आय सम्बन्धमा ।</td><td>आगामी आर्थिक वर्ष २०८०/८१ को आन्तरीक आय संकलनका लागि देहाय बमोजिमको आय ठेक्का बन्दोबस्ती गर्नुपर्ने अवस्था रहेको छ । मिति २०८०/०१/०५, ०६ र ०७ गते राजस्व परामर्श समितिले स्वीकृत गरी पेस गरेको दररेट र न्यूनतम ठेक्का सूचना प्रकासन अंकलाई कायम गरी आगामी आर्थिक वर्षका लागि बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७८ बमोजिम विक्री प्रकृया अघी बढाउन कार्यालयलाई निर्देशन दिने र माथि उल्लखित विषय बस्तुलाई आगामी नगरसभाबाट स्वीकृत / अनुमोदन गर्नका लागि पेस गर्ने निर्णय गरियो ।
<table>
<tr><th>क्र.स.</th><th>ठेक्का विवरण</th><th>ठेक्का सूचना प्रकासन अंक भ्याट सहित</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>बेलबारी नगरपालिका वडा नं. ३ मा लाग्ने सोमबारे मवेशी पशुहाट बजार</td><td>३०००००।००</td><td></td></tr>
<tr><td>२.</td><td>बेलबारी न.पा. १ मा लाग्ने सोमबारे र वडा न. २ मा लाग्ने शुक्रबारे बजार</td><td>७०००००।००</td><td></td></tr>
<tr><td>३.</td><td>कसेनी बजार वडा नं. ५ र सोमबारे बजार वडा नं. ६</td><td>१२५०००</td><td></td></tr>
<tr><td>४.</td><td>बाहुनी बजार वडा नं. ७</td><td>१५१०००</td><td></td></tr>
<tr><td>५.</td><td>डाँगिहाट बजार वडा नं. ९</td><td>१२५०००</td><td></td></tr>
<tr><td>६.</td><td>लक्ष्मीमार्ग बजार वडा नं. ११</td><td>११५०००</td><td></td></tr>
<tr><td>७.</td><td>किर्तिमान भाउन्ने आमतोला सडक</td><td>३०,००,०००.००</td><td></td></tr>
<tr><td>८.</td><td>बेलबारी कसेनी सडक वडा नं. ५, लक्ष्मीमार्ग सोह्रभाग सडक वडा नं. ६ र भाउन्ने आम्तोला सडक वडा ७ को जोड्ने मूल नहर सडक</td><td>१०,००,०००.००</td><td></td></tr>
<tr><td>९.</td><td>रत्नमार्ग / शिसौली मार्ग/गुम्बा मार्ग</td><td>७,००,०००.००</td><td></td></tr>
</table></td></tr>
<tr><td>११.</td><td colspan="2">विविध</td></tr>
<tr><td>क.</td><td>पालिकाद्वारा गठित संस्थाहरूको लेखा परीक्षण र कर भुक्तानी सम्बन्धमा ।</td><td>बेलबारी नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा कृषि तथा पशू व्यवसायलाई उद्यमको रूपमा विकास गर्ने उद्देश्य राखी सम्बन्धित लाभग्राही / उपभोक्ताहरूको समुह गठन गरी उद्यमसिलता प्रवर्धन गर्नका निमित्त राष्ट्रिय वाणिज्य वैंकसँग सम्झौता गरी कार्य अघी बढाउने प्रकृया रहेकोमा सम्बन्धित वैंकसँग कोरोना तथा मुलुकको आर्थिक अवस्थाको कारण सम्झौता कार्यान्वयन हुन सकेको अवस्था छैन । नगरपालिकाद्वारा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को सापेक्षतामा गठन गरिएका न्यून आय भएका कृषि तथा पशुसँग सम्बन्धित लाभग्राहीहरूको समूहले आन्तरिक राजस्व कार्यालयमा स्थायी लेखा नंम्बर समेत प्राप्त गरेको देखिन्छ । मुलुक तथा नगरपालिकाको अवस्थाका कारण सम्झौता कार्यान्वय नभएको अवस्था एका तर्फ छ भने अर्को तर्फ गरिव कृषकहरूले नियमति रूपमा आन्तरिक राजस्व कार्यालयमा कर चुक्ता गर्न सकेको अवस्था छैन । गठन भएका करिव ५०० का हाराहरीका संस्थाहरूले हाल सम्म कुनै आर्थिक कारोवार नगरेको र लेखापरीक्षण नगरी आन्तरिक राजस्व कार्यालयमा कुनै विवरण समेत नबुझाई कर चुक्ता नगरेको अवस्था रहेको छ । यस्तो अवस्थालाई मध्यनजर गर्दै सम्बन्धित संस्थालाई करको दायरामा ल्याउन नगरपालिकाको आन्तरीक लेखा परीक्षकद्वारा लेखा परीक्षण गराई आन्तरीक राजस्व कार्यालयमा नियमानुसार कर चुक्त गरी कर विवरण बुझाउनका आन्तरीक राजस्व कार्यालयलाई करदाता सेवा कार्यालय, विराटचौक मार्फत अनुरोध गर्ने निर्णय गरियो ।</td></tr>
</table>